**इजलास नं. १**

**मा.न्या. श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६८-WO-०९८३, उत्प्रेषणयुक्त परमादेश, *शिवप्रसाद पौडेलसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयसमेत*

वाणगङ्गा क्रसर उद्योग, सत्यदेव क्रङ्किट उद्योग आदि उद्योगहरू रोडा, ब्लक, ह्यूम पाइप आदि उत्पादन तथा बिक्री गर्ने उद्देश्यले कानूनबमोजिम दर्ता भई प्रमाणपत्रसमेत पाएको भन्ने ती उद्योगहरूको दर्ता प्रमाणपत्रसमेतका कागजातबाट देखिएकोले अवैधरूपमा सञ्चालित उद्योगबाट निर्वाधरूपमा गिटी, बालुवा आदिको निकासी भैरहेको भन्ने दावी मिसिल संलग्न कागजातबाट समर्थित हुन नआउने ।

ढुङ्गा, गिटी, बालुवाको व्यवस्थापनका लागि स्थानीय विकास मन्त्रालयका सचिवको संयोजकत्वमा १३ सदस्यीय केन्द्रीय अनुगमन समिति र प्रमुख जिल्ला अधिकारी प्रमुख रहेको १० सदस्यीय जिल्ला स्तरीय समन्वय तथा अनुगमन समिति गठन गरिएको तथा ती समितिले आ-आफ्नो कार्यक्षेत्रभित्र रही कार्य गरिरहेको भन्ने मिसिल संलग्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयबाट सार्वजनिक सरोकारका विवादमा सर्वोच्च अदालतबाट जारी भएका आदेशको कार्यान्वयन प्रगति प्रतिवेदन २०६८/६९ समेतका कागजातबाट देखिँदा ढुङ्गा, गिटी, बालुवा आदि जस्ता प्राकृतिक स्रोत साधनको नियमन तथा व्यवस्थापनका सम्बन्धमा सरकारको तर्फबाट कुनै कारवाही नै नभएको भन्न मिल्ने अवस्था नदेखिने ।

वातावरण संरक्षण ऐन, २०५३ को दफा ३ मा “प्रस्तावकले तोकिएबमोजिमका प्रस्तावहरूको प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ” भनी उल्लेख गरेको देखिन्छ । उक्त कानूनी व्यवस्थाअनुसार निवेदनमा उल्लिखित नदी/खोलाबाट ढुङ्गा, गिटी, बालुवा आदि उत्खनन् र सङ्कलन गर्दा प्रारम्भिक वातावरणीय परीक्षण गरे नगराएको सम्बन्धमा हेर्दा वाणगङ्गा, कोइली र वेलवा नदी खोलासमेतका १३ वटा नदी/खोलाहरूबाट ढुङ्गा, गिटी, बालुवा, मिस्कट आदि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को प्रतिवेदन स्वीकृतिको लागि पेश भएकोमा उक्त प्रतिवेदन मिति २०६७।१०।७ को निर्णयानुसार स्वीकृत भएको भनी स्थानीय विकास मन्त्रालयले जिल्ला विकास समितिको कार्यालय कपिलवस्तुलाई मिति २०६७।१०।११ मा लेखेको पत्रबाट देखिँदा प्रारम्भिक वातावरणीय परीक्षणसमेत नगराई निवेदनमा उल्लिखित खोला/नदीबाट ढुङ्गा, गिटी, बालुवा आदिको उत्खनन् र सङ्कलन गरी गराई विपक्षीहरूबाट वातावरणीय प्रदूषण गर्ने कार्य भएको भन्ने निवेदकको दावी पुष्टि हुन नआउने ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ अनुसार जिल्ला विकास समितिले आफ्नो क्षेत्रभित्रका नदीनालाको बालुवा, गिटी, ढुङ्गा आदि तोकिएबमोजिम बिक्री गर्न सक्ने देखिएको, उक्त कानूनी व्यवस्थाअनुसार जिल्ला विकास समिति, कपिलवस्तुले उत्खनन गर्न सकिने क्षेत्र, सीमा र बिक्री गर्न सकिने ढुङ्गा, गिटी, बालुवाको परिमाण समेत उल्लेख गरी बोलपत्र आह्वान गरेको देखिएको, रिट निवेदनमा उल्लिखित न्यू वाणगङ्गा क्रसर उद्योग समेतका कुन कुन उद्योगले के कति परिमाणमा ढुङ्गा, गिटी, बालुवा आदिको उत्खनन्, सङ्कलन र निकासी गरेको हो र उक्त कार्यले के कसरी वातावरणीय ह्रास हुन पुगेको हो सो पुष्टि हुने कुनै प्रमाण पेश गर्न निवेदकले सकेको नदेखिनुको साथै सो उद्योगहरूलाई विपक्षीसमेत बनाइएको अवस्था देखिएन । नारायणप्रसाद देवकोटा निवेदक भएको रिट निवेदनमा भएको निर्देशनात्मक आदेशानुसार रोडा, ढुङ्गा, गिटी आदिको उत्खनन्, सङ्कलन, आन्तरिक परिचालन एवं नियमन भैरहेको भन्ने मिसिल संलग्न कागजातहरूबाट देखिन्छ । ढुङ्गा, गिटी, बालुवाको नियमन र व्यवस्थापनका लागि केन्द्रीय अनुगमन समिति र जिल्लास्तरीय अनुगमन तथा समन्वय समिति गठन भई ती समितिले नियमित रूपमा अनुगमन गरिरहेको समेतबाट र रिट निवेदनमा उल्लिखित वाणगङ्गा, कोइली, वेलवासमेतका १३ वटा नदी/खोलाबाट ढुङ्गा, गिटी, बालुवा आदिको उत्खनन्, संङ्कलन र बिक्री गर्न प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत भएको देखिएको एवं के कस्ता क्रसर उद्योगले के कस्तो प्रक्रिया पूरा गरी ढुङ्गा, गिटी, बालुवा आदिको निकासी गर्न सक्ने भनी नेपाल सरकारले स्पष्ट शर्त तोकी सोको कार्यान्वयनको लागि सम्बन्धित निकायमा लेखी पठाएको देखिएको, निवेदनमा उल्लिखित उद्योगहरू अवैधरूपमा सञ्चालन भएका भन्ने नदेखिएको

र कानूनको सीमाभित्र रही निवेदनमा उल्लिखित उद्योगहरूले आफ्ना गतिविधि सञ्चालन गर्न पाउने र सो नगरेमा सरकारबाट नियन्त्रण र नियमन हुन सक्ने नै हुँदा हाल निवेदनमा उल्लेख गरेअनुसार विपक्षीहरूको काम कारवाहीबाट निवेदकको हक हितमा आघात पुगेको नदेखिएकोले मागबमोजिमको आदेश जारी गर्न मिलेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: बासुदेव पौडेल

कम्प्युटर गर्ने: मन्जिता ढुङ्गाना

इति संवत् २०७० साल जेठ १९ गते रोज १ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७-CR-०८३२, लागू औषध, *नेपाल सरकार वि. अर्जुन भन्ने नीरबहादुर हिताङ्ग*

बरामदी मुचुल्का, लागू औषध परीक्षण प्रतिवेदन, प्रतिवादीको अनुसन्धान अधिकारी तथा अदालतमा गरेको बयान, सहप्रतिवादी दुर्गाबहादुर गुरुङ्ले अनुसन्धानको क्रममा गरेको बयान, वस्तुस्थिति मुचुल्काका मानिसहरूको कागजलगायतका मिसिल संलग्न सबूद प्रमाणहरूबाट यी प्रतिवादी नीरबहादुर हिताङ्गले लागू औषध सेवन तथा बिक्री गर्ने गरेको तथ्य स्थापित र पुष्टि हुन आएकोले निजलाई लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा ४(घ)(च) र (छ) को कसूरमा ऐ.ऐनको दफा १४(१), (छ) (१) बमोजिम ५ (पाँच) वर्ष कैद र रू.५,०००।- जरीवाना गर्ने गरेको शुरू कास्की जिल्ला अदालतको फैसला केही उल्टी गरी प्र. नीरबहादुर हिताङ्गलाई लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा ४(घ) को कसूरमा लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा १४ बमोजिम १ वर्ष कैद र रू. १०,०००।- जरीवाना हुने ठहर गरेको पुनरावेदन अदालत, पोखराको फैसला केही उल्टी भै अभियोग दावीबमोजिम लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा ४(घ) (च) र (छ) को कसूरमा ऐ.दफा १४(१) (छ)(१) बमोजिम पाँच वर्ष कैद र रू. पाँच हजार जरीवाना गर्ने गरेको शुरू कास्की जिल्ला अदालतको फैसला सदर हुने।

इजलास अधिकृत: तीर्थ भट्टराई

कम्प्युटर: भाष्कर पंगेनी

इति संवत् २०७० भदौ ३ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६-CR-०२९७, लागू औषध गाँजा, *नेपाल सरकार वि. वाइबा कान्छा भन्ने मङ्गल सिंह तामाङ*

प्रतिवादी मङ्गल सिंह तामाङ मौकामा र हालसम्म पनि पक्राउ गरेको देखिँदैन। मौकामा पक्राउ परेका धनबहादुर तामाङले मौकामा गरेको बयानको क्रममा बलराम घिमिरेको गाँजा बोकेर निजगढतर्फ जाँदै गर्दा बाटोमा गएकोमा मलाई र हरिप्रसाद ढुङ्गेललाई प्रहरीले पक्राउ गरे, गाँजा बोक्ने साथी र गाँजा साहू बलराम घिमिरे, मानबहादुर गोले, वाइबा कान्छा जङ्गलतिर भागे भनी बताएको देखिन्छ। त्यस्तै गरी हरिप्रसाद ढुङ्गेलले मलाई मानबहादुर गोलेले गाँजा बोक्न भनेकोले रातिको समयमा जङ्गलको बाटो हुँदै गाँजा बोकी निजगढ नजिक सडकतर्फ जाँदै गर्दा बाटामा तीनजना गाँजा बोकेका मानिस र वाइबा कान्छासमेतलाई भेटी सँगै जाँदै गर्दा प्रहरीले चलाएको गोलीको आवाज सुनेपछि अन्य भागी गए भनी अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेको देखिन्छ। त्यसैगरी धनबहादुर तामाङले मलाई गाँजा बोकाउने साहू बलराम घिमिरे हुन्। वाइबा कान्छाले गाँजा कसलाई बोकाए थाहा छैन भनी र हरिप्रसाद ढुङ्गेलले गाँजा बोकाई साहू भै आउनेमा वाइबा कान्छा भन्ने मङ्गल सिंह तामाङ, बलराम घिमिरे र मानबहादुर गोले थिए भनी प्रतिवादी मङ्गल सिंह तामाङ पनि गाँजा साहू हुन् भनी अदालतमा बयान गरेको देखिन्छ। हरिप्रसाद ढुङ्गेलले अधिकारप्राप्त अधिकारीसमक्ष मङ्गल सिंह तामाङलाई साहू नभनी बाटोमा गाँजा बोक्ने तीन जना र मङ्गल सिँह तामाङसमेत चार जनासँग भेट भै सँगै आएको भनेकोमा अदालतमा गाँजा साहू मङ्गल सिंह तामाङ पनि हुन् भनी र धनबहादुर तामाङले अधिकारप्राप्त अधिकारीसमक्ष गाँजा साहू मङ्गल सिंह तामाङ र गाँजा बोक्ने तीनजनासमेतसँग भेट भएको भनेकोमा अदालतमा गाँजा साहू नभनी मलाई बलराम घिमिरेले गाँजा बोकाएका हुन् अरूले कसलाई बोकाए, बोक्ने मान्छे चिन्दिन भनी एक आपसमा वयान गरेको देखिन्छ। यसरी धनबहादुर तमाङले अधिकारप्राप्त अधिकारीसमक्ष गाँजा गाँजा साहू भइ आउनेमा प्रतिवादी र गाँजा बोक्ने तीनजनासमेतसँग भेट भएको भनी बयान गरेको तर निजहरूको अदालतमा भएको बयानबाट प्रतिवादी

मङ्गलसिंह तामाङ भनेकोमा गाँजा साहू भनी भन्न सकेको देखिँदैन । मिसिल संलग्न सबूद प्रमाणहरूबाट शङ्कारहित तवरबाट निज प्रतिवादी मङ्गल सिंह तामाङउपरको कसूर स्थापित हुन आएको नदेखिँदा निजउपरसमेत लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) (घ) (५) बमोजिम सजायको दावी लिई दायर भएको अभियोग दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः तीर्थ भट्टराई

कम्प्युटरः भाष्कर पंगेनी

इति संवत् २०७० साल भदौ ३ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६-CR-०६६६, जीउ मास्ने बेच्ने, *नेपाल सरकार वि. अतिराम बुढाथोकी*

प्रतिवादी अतिराम बुढाथोकी वैदेशिक रोजगारको सिलसिलामा भारतमा रहेको र यी बेचिएका भनिएका राजेश के.सी.सँग भारतमा नै भेट भएको तथ्य स्थापित भएको देखिन्छ । यी बेचिएका भनिएका राजेश के.सी. २०५७।८।१५ गते आफ्नो गाउँघरबाट प्रतिवादीका साथलागी भारततर्फ गएको भनिए तापनि सोलाई पुष्टि गर्न कुनै सबूद प्रमाण मिसिलमा देखिँदैन । २०६३।९।१२ गते दिएको जाहेरी बेपत्ता भएको ६ वर्षपछि मात्र परेको अवस्था एकातिर रहेको छ भने अर्कोतर्फ उक्त जाहेरी राजेश के.सी.का बाबुले दिएको देखिन्छ । व्यक्ति बेपत्ता भएको विषयमा मौकामा कहीं कतै उजूरबाजूर गरेको पनि देखिँदैन । मिति २०५७।८।१५ मा जीउ मास्ने बेच्ने कसूर गरेको भनिएको मितिमा पीडित राजेश के.सी. २७ वर्षका रहेको कुरा जाहेरीबाट नै स्पष्ट देखिन्छ । एकजना उमेर पुगेको स्वस्थ र सामान्य मानिसलाई एकजना मात्र व्यक्तिले ललाई फकाई भारतमा लगी बेचेको भन्ने तथ्य स्थापित गर्न सबूदले समर्थन र पुष्टि गराउनु पर्नेमा त्यसरी गरे गराएको पनि मिसिल संलग्न सबूद प्रमाणहरूबाट नदेखिँदा मौकामा यी प्रतिवादी र बेचिएका भनिएका राजेश के.सी.लाई सँगै बसेको, हिँडेको देखेको भनी व्यक्त गरेको भनाई र यी प्रतिवादीले बयान गर्दा खुलाएको २०५७ सालमा राजेश के.सी. सँग भारतको नासिकमा रहँदा झगडा भएको र आफूले फलामको सरियाले प्रहार गरेको मितिसम्म आपसमा मिल्न भिड्न आएको देखिन्छ । सोही प्रहारबाट यी राजेश के.सी.को मृत्यु भइसकेको भनी आफूले थाहा पाएको तथ्य खुलाई दिएकोमा सोतर्फ प्रस्तुत मुद्दाबाट अनुसन्धान अगाडि बढी निज राजेश के.सी. मारिएको वा मरेको स्थापित नभई सोतर्फ केही नबोली जीउ मास्ने बेच्ने कसूरमा अभियोग दायर भएको देखिन्छ । भारतको नासिकमा भेट भएको भन्ने आधारमा मात्र जीउ मास्ने बेच्ने जस्तो सङ्गीन अपराधमा कसूरदार ठहऱ्याउन नमिल्ने ।

फौजदारी मुद्दामा शङ्कारहित सबूद प्रमाणको अभावमा कसैलाई कसूरदार ठहर गर्न मिल्दैन । प्रत्यक्ष वा परिस्थितिजन्य प्रमाणहरूबाट प्रतिवादीउपर अभियोग लगाउनु मात्र पर्याप्त नभै लगाइएको अभियोग पुष्टि भएमा मात्र निजलाई सजाय गर्न सकिने ।

अपराध घटेको तथ्य नै स्थापित नभैरहेको प्रस्तुत मुद्दामा जीउ मास्ने कसूर गरेको भन्ने प्रमाण प्रस्तुत हुन सकेकोसमेत देखिँदैन । यस्तो अवस्थामा कसूरलाई पुष्ट्याई गर्ने शङ्कारहित र दुविधारहित ठोस, स्पष्ट भरपर्दो र तथ्ययुक्त प्रमाणसमेत रहे भएको नदेखिँदा जीउ मास्ने बेच्ने जस्तो सङ्गीन अपराधमा प्रतिवादीलाई दोषी ठहऱ्याउन कानून तथा न्यायसंगत्समेत नहुँदा प्रतिवादी अतिराम बुढाथोकीलाई अभियोग दावीबमोजिम सजाय गरिपाउने मागसहितको वादी नेपाल सरकारको पुनरावेदन जिकीरसँग सहमत हुन नसकिने हुँदा शुरू रूकुम जिल्ला अदालतले यी प्रतिवादी अतिराम बुढाथोकीलाई अभियोग दावीबमोजिम १० वर्ष कैद हुने ठहऱ्याई गरेको फैसला उल्टी गरी निजलाई अभियोग दावीबाट सफाइ पाउने ठहऱ्याई पुनरावेदन अदालत, तुल्सीपुर दाङबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः तीर्थ भट्टराई

कम्प्युटरः श्रीकृष्ण हेङ्गजू

इति संवत् २०७० साल भदौ ३ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६९-WO-००३८, उत्प्रेषणयुक्त परमादेश, *ज्ञानु ढुङ्गानासमेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत*

स्वास्थ्य सेवा नियमावली (तेस्रो संशोधन) २०६८ को नियम ३१(क) ले सरूवाको समय तालिका र अवधि उल्लेख गरे तापनि नियम ३१(क) २(क) र नियम ३१क, उपनियम ३(क) बमोजिम कुनै कार्यालयमा दरबन्दी रिक्त भई स्वास्थ्य सेवा प्रवाहमा कठिनाई उत्पन्न भएमा मन्त्रालयले

सरूवा गरी स्वास्थ्य सेवा सुचारू गर्नसक्ने विशेष नियमको व्यवस्था नियमावलीमा रहेको पाईदा मन्त्रालयले स्वास्थ्य सेवा सुचारूरूपमा प्रदान गर्न आवश्यकताअनुसार आफ्नो कर्मचारीको सरूवा गर्नसक्ने विशेष नियमको विद्यमानता रहेको अवस्थामा स्वास्थ्य सेवा नियमावली, २०५५ मा भएको उक्त तेस्रो संशोधनपश्चात् भएको सरूवा कानूनसम्मत् नै देखिँदा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (सचिवस्तर)बाट भएको मिति २०६९।१।२७ को निर्णयलाई नियमविपरीत भएको निर्णय भन्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रिन्जा डंगोल

इति संवत् २०७० साल असोज ६ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६९-WO-०९५७, उत्प्रेषणयुक्त परमादेश, *आसमान सा कानू वि. रामज्योति कनूईनसमेत*

एकाघर सगोलका एका व्यक्तिका नाममा दर्ता भएको जग्गाको अर्को व्यक्ति जोताहा मोही हुन सक्दैन । तर, प्रस्तुत रिट निवेदनमा यी निवेदक नन्दु सा कानू र विपक्षीहरू रामज्योति कनूईन र सुमेश सा कानू नाता पर्ने व्यक्ति भए तापनि २०२१ सालको सर्वे नापी अघि नै अंशबण्डा भई छुट्टि भिन्न भइसकेको भन्ने जिकीर देखिएकोले जिल्ला पर्सा गा.वि.स. अलौ वडा नं. ३ कि.नं. ४३ को दोयम ज.वि. १-१-० को नन्दु सा कानूको नाउँमा भएको मोही लगत सगोलको अंशियार भनी लगत कट्टा गरिएकोमा उक्त निर्णय गर्दाका अवस्था प्राकृतिक न्यायको सिद्धान्तअनुसार यी निवेदकलाई समेत जानकारी दिई निर्णय गर्नुपर्ने ।

निवेदकलाई प्रतिवादको मौका दिनु पर्नेमा सो नगरी भूमिसुधार कार्यालय पर्सा, वीरगञ्जले निवेदकलाई बुझ्दै नबुझी एक पक्षको मात्र कुरा सुनी गरेको मिति २०६८।९।२७ को निर्णय न्यायसङ्गत् मान्न नमिल्ने हुँदा निवेदकलाई बुझ्दैनबुझी भएको भूमिसुधार कार्यालय, पर्सा, वीरगञ्जको मिति २०६८।९।२७ को त्रुटिपूर्ण निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । कानूनबमोजिम निर्णय गर्नु भनी विपक्षी कार्यालयका नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः रिन्जा डंगोल

इति संवत् २०७० साल असोज ९ गते रोज ४ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-WO-०६८४, उत्प्रेषण, *हुमनाथ कोइराला वि. सार्वजनिक खरीद पुनरावलोकन समिति ताहाचल, काठमाडौंसमेत*

सरकारी निकायको लागि रकम सङ्कलन गर्ने ठेक्काको काम भएकोले रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को परिच्छेद-६, सडक बोर्डबाट रकम सङ्कलन सेवा खरीदको कुरा उठेकोले सडक बोर्ड ऐन, २०५८ र सडक दस्तूर उठाउने कार्यविधिसम्बन्धी नियमावली, २०६० को उद्देश्य वा मर्म वा ऐनका कुनै दफासँग कुनै सन्दर्भ नै राख्दैन भन्न मिल्दैन, तर सार्वजनिक निकाय सडक बोर्डले सडक दस्तूर सङ्कलन सेवा खरीद गरिने कार्य भनी विवाद पनि आएको स्थितिमा सार्वजनिक खरीद ऐन, २०६३ को कुनै सान्दर्भिकता नै रहँदैन भन्ने स्थिति पनि नदेखिने ।

सार्वजनिक खरीद ऐन, २०६३ को दफा ७५ को सार्वजनिक निकायहरूका खरीदसम्बन्धी कानूनी व्यवस्था यो ऐनसँग अन्य प्रचलित ऐन बाझिएको हदमा यसै ऐनअनुकूल हुने गरी संशोधन भएको मानिने भनी यसलाई व्यापकता प्रदान गरिएको देखिन्छ । यस प्रकार सडक दस्तूर सङ्कलनको कार्यको ठेक्का दिने वा सेवा खरीद गर्ने जे भने पनि उक्त उल्लिखित सबै कानूनहरूको सन्दर्भ कहीं न कहीं केही अंशमा भए पनि त्यसको उद्देश्य, अभिप्राय वा मर्मसँग सान्दर्भिक हुनसक्ने स्थिति रहेको छ । विभिन्न ऐनहरूका दफाहरूमा कहीं सान्दर्भिकता वा त्यसको अभिप्राय मर्म आदि झल्किने व्यवस्था भएमा विवादको निराकरण कसरी र कुन कानूनबाट खोजिनु पर्ने हो भन्ने कुरा नै निराकरण गर्नुपर्ने ।

कुनै विवादको विषय सम्बन्धमा विभिन्न विषयगत विशेष कानून वा प्रचलित कानूनहरूमा केही प्रावधानहरू विषयको प्रकृति र प्रसंगका कारणहरूबाट राखिएको हुन सक्छ । ती सबै कानूनी व्यवस्थामध्ये कुन कानूनको बाटो रोज्ने भन्ने कुरा कहीं ऐच्छिक हुन सक्छ र बाटो रोज्ने अधिकार पक्षको हुन्छ भने कहीं ऐच्छिक नहुन पनि सक्छ ।

कुन कानूनी बाटो अपनाउने भन्ने ऐनको उद्देश्य, अभिप्राय र मर्मका आधारबाट तय गरिने कुरा हो, यो सदैव ऐच्छिक रहन्छ भन्न नमिल्ने ।

जुन विषयको लागि विशेषरूपले ऐन बनेको हो सोही ऐनअनुरूप सो विषयको समस्याको निदान खोज्नुपर्ने हुन्छ । उक्त विषयगत कानूनमा कुनै प्रावधान नरहे मात्र अन्य कानूनमा के कस्तो व्यवस्था छ । सो अपनाई वा अन्य कुनै कानूनले गरेका व्यवस्थासँग बाझिएको अवस्था छ भने ऐनको बनोटबाट कुन कानून लागू हुने हो भनी तय गरिनु पर्ने ।

सडक बोर्ड ऐन, २०५८ को दफा ६ मा सडक उपयोग गर्ने सवारी साधनलाई नेपाल सरकारको राजपत्रमा सूचना प्रकाशित गरी दस्तूर लगाउने र सो दस्तूर सडक बोर्डले असूलउपर गर्ने वा गराउने र दफा ७(३) मा बोर्डले तोकिदिएको प्रक्रिया अपनाई कुनै व्यक्ति वा संस्थामार्फत रकम उठाउन सक्ने व्यवस्था गरेको देखिन्छ । उक्त ऐनको दफा २८ र २९ मा सवारी साधनवालाले दस्तूर नबुझाएमा वा जरीवाना नबुझाएमा बोर्डले सजाय गर्नसक्ने र सो गरिएको सजाय विरूद्ध दफा ३२ अनुरूप मन्त्रालयमा पुनरावेदन लाग्ने व्यवस्था भएको देखिन्छ । सडक बोर्डले बोलपत्र रद्द गरेउपर पनि पुनरावेदन लाग्ने व्यवस्था उक्त ऐनले गरेको देखिँदैन । सडक बोर्ड ऐन, २०५८ को दफा ४२ को अधिकार प्रयोग गरी आएको सडक दस्तूर उठाउने कार्यविधिसम्बन्धी नियमावली, २०६० को परिच्छेद-३ मा बोर्डले व्यक्ति वा संस्थामार्फत् दस्तूर उठाउनेसम्बन्धी विस्तृत व्यवस्था गरेकोमा नियम १४ मा प्राविधिक प्रस्तावबाट सफल भएका बोलपत्रदाताको आर्थिक प्रस्ताव खोली सबैभन्दा बढी रकम कबुल गर्नेको बोलपत्र स्वीकृत हुने तर स्वीकृत गर्न मनासिब नदेखिएमा कारण खोल्नुपर्नेसमेतको व्यवस्था गरेको देखिन्छ । तसर्थ, सडक बोर्ड नेपालले सडक दस्तूर उठाउने कार्य गराउन खोजेकोले सडक बोर्ड ऐन, २०५८ र सोअन्तर्गत बनेको नियमावली प्रथम दृष्टिमै यो विवादसँग प्रत्यक्ष सान्दर्भिक कानून हो भन्ने कुरामा विवाद हुनसक्ने अवस्था नरहने ।

पक्ष विपक्ष दुबैले सडक दस्तूर उठाउने बोलपत्रको विवादमा सडक बोर्ड नेपालले निर्णय गरेको हुँदा सर्वप्रथम यही सडक बोर्ड ऐन, २०५८ र सडक दस्तूर उठाउने कार्यविधिसम्बन्धी नियमावली, २०६० को आधारमा निर्णय गर्ने वा उजूर गर्ने अथवा निकास खोज्ने कार्य गर्नु पर्दछ । यस ऐनबाट निकास प्राप्त नहुने अवस्थामा मात्र अरू सम्बन्धित कानूनको आधार लिई वा अन्य ऐनसँग बाझिएमा बाझिएको हदमा कानूनको संरचना हेरी यथोचित् कार्य गर्नुपर्ने ।

विपक्षी सडक बोर्ड आफैंले सार्वजनिक खरीद ऐन, २०६३ को आधार लिई बोलपत्र रद्द गर्ने र सोही ऐनसमेतको आधारमा निवेदकको रिट निवेदन आउँदा यो ऐन लाग्ने होइन, सडक बोर्ड ऐन, २०५८ पो लाग्ने हो भनी निवेदकलाई अलमल वा झुक्याएको जस्तो गरी दोधारको कुरा गर्नु सार्वजनिक निकायलाई सुहाउँदो कुरा होइन । निवेदक यदि गलत ऐनको बाटो आएको हो भने निज सडक बोर्डको पत्र व्यहोराबाट गुमराह भएको मान्नुपर्ने ।

सार्वजनिक खरीद ऐन, २०६३ अनुरूप गलत बाटो निवेदकले लिएको भनिएको अवस्थामा केही प्रतिकूल स्थिति निवेदकले बहन गर्नु पर्छ कि भनी विचार गर्दा विपक्षी सडक बोर्डको निर्णयले नै निवेदक गुमराह हुन पुगेकोले त्यतिकै भरमा सडक बोर्डको भूलको शिकार निवेदकलाई बनाई निवेदकको निवेदन खारेज नै हुने जस्तो गम्भीर प्रतिकूल असरमा पार्नु न्यायोचित् र यथोचित पनि नहुने ।

सडक बोर्ड आफैंले सार्वजनिक खरीद ऐन, २०६३ नलाग्ने भनेको र विवादित बोर्डको निर्णय सार्वजनिक खरीद ऐन, २०६३ को दफा २५ को आधारमा भएको देखिँदा आफ्नै निर्णयलाई विपक्षीले ठीक वा कानूनबमोजिम भएको हो भन्ने स्थितिमा रहेको नदेखिने ।

सार्वजनिक खरीद ऐन, २०६३ को दफा २५ को आधारमा बोलपत्र रद्द गर्ने निर्णय भएकोमा उक्त दफा २५ मा बोलपत्र रद्द गर्ने व्यवस्था नभई बोलपत्रको मूल्याङ्कन गर्ने कुराहरू मात्र देखिन्छन् तर, बोलपत्र अस्वीकृत गर्ने दफा २६ मा रहेको देखिन्छ । यसरी निवेदकको बोलपत्र अस्वीकृत गर्दा ऐनको दफा पनि गलत प्रयोग भएको देखियो । गलत ऐनको प्रयोग गरी बोलपत्र रद्द भएकोलाई पनि कानूनबमोजिम भएको भनी मान्न मिल्ने अवस्था देखिन नआउने ।

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को परिच्छेद्-६ को प्रावधानहरू सबै स्थानीय निकायहरूको लागि भएकोले व्यवस्थित भएको देखिन्छ । प्रस्तुत विवाद स्थानीय निकायसँग सम्बन्धित नभई सडक बोर्डसँग सम्बन्धित भएकोले उक्त नियमावली यहाँ आकृष्ट हुने अवस्था देखिँदैन ।

रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० को जिकीर विपक्षी नेपाल सडक बोर्डले लिएको तर्फ हेर्दा पनि उक्त ऐनको दफा ५ मा नेपाल सरकार कुनै रकम वा अन्य कामको ठेक्का बन्दोबस्त गर्दा कम्तीमा तीन महिना अगावै सूचना प्रकाशित गर्नुपर्ने प्रावधान रहेको देखिन्छ। यहाँ सडक बोर्डले मिति २०६८।६।१५ (इ.सं. २ अक्टुबर २०११) मा सूचना प्रकाशित गरेको र बोलपत्र दाखिल गर्नुपर्ने म्याद जम्माजम्मी एक महिना (इ.सं. २ नोभेम्बर २०११ भित्र) परी सक्नुपर्ने भनी सोही सूचनाको ५ नं. मा उल्लेख गरेको देखिन्छ। तसर्थ, यहाँ प्रक्रिया रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० अनुरूपको नभएकोले उक्त ऐन पनि आकृष्ट हुने अवस्था देखिन नआउने।

सडक बोर्ड नेपालले निवेदकको बोलपत्र अस्वीकृत गर्ने गरेको मिति २०६८।९।२६ को निर्णय तथा सो निर्णयको आधार भएका पत्राचारहरू र मिति २०६८।१०।१२ मा प्रकाशित पुनः टेण्डर सूचनासमेत त्रुटिपूर्ण भएकोले बदर गरी दिइएको छ। अब निवेदकको बोलपत्र विषयमा के कसो हुने हो सर्वप्रथम सडक बोर्ड ऐन, २०५८ र सडक दस्तूर उठाउने कार्यविधिसम्बन्धी नियमावली, २०६० अनुरूप निर्णय गर्नु वा अन्य कानूनको आधारमा निर्णय गर्नुपर्ने भएमा सोको आधारसमेत खोली कानूनबमोजिम पुनः निर्णय गर्नु भनी सडक बोर्ड नेपालको नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७० साल साउन १६ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७-CI-११८६, ११८७, निषेधाज्ञा, *वसन्त शर्मा वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत, पुष्पा दाहाल वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत*

निवेदकले धरपकड गर्ने आशङ्का रहेको भनी विपक्षी बनाइएका महानगरीय प्रहरी प्रभाग, जिल्ला प्रशासन कार्यालय, काठमाडौं महानगरीय प्रहरी परिसर, हनुमानढोकासमेतबाट रिट निवेदक पुष्पा दाहाल र वसन्त शर्मालाई पक्राउ गर्न भनी कुनै पनि माथिल्लो निकायबाट पत्र पनि नआएको र निजहरूलाई पक्राउ गर्न प्रहरी पनि नखटाइएको धरपकड तथा डरत्राससमेत नदेखाइएको भन्नेसमेत व्यहोराको लिखित जवाफ रहेको देखिन आयो। यसरी नेपाल सरकारको जिम्मेवार निकायबाट अन्यथा झुट्टा जिकीर लिएको हो भनी सोच्नुपर्ने कुनै तथ्यगत अवस्था पनि रहेको देखिँदैन। यस्तो निकायबाट अकारण एउटा कुरा भन्ने र अर्को कुरा गर्ने हुन्छ भनी अनुमान गर्नुपर्ने कुनै अवस्था नदेखिँदा तत्काल निजको कानूनी हकमा आघात परिहाल्छ भन्ने आशङ्काको स्थिति देखिन आएन। यसरी जुन निकाय तथा व्यक्तिबाट पक्राउ गर्ने तथा डरत्रास देखाउने गरेको भनी निवेदकले दावी लिएको हो सोही निकायबाट त्यस्तो कार्य गरेको होइन भन्ने देखिन आएको अवस्थामा निवेदकको हक अधिकारमा आघात पुग्ने अवस्था देखिन आएन। सो हुँदा निवेदन दावीबमोजिमको कार्य हुने आशङ्का नै नदेखिएको अवस्थामा निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने नदेखिने हुँदा निवेदकको हक अधिकारमा आघात पुग्ने आशङ्का रहेको नदेखिँदा निषेधाज्ञाको रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

इति संवत् २०७० साल भदौ २० गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७-CI-१३२४, निषेधाज्ञा, *ल.पु.उ.न.पा. वडा नं. १, ललितपुर स्थित समिट नेपाल ट्रेकिङ्ग (प्रा.) लि.को तर्फबाट अख्तियारप्राप्त सञ्चालक साङ्गे शेर्पा वि. अनु विष्ट लिम्बूसमेत*

विपक्षीहरूका स्व. पिता इन्द्रध्वज विष्टको स्वामित्वमा रहेको घरजग्गा निज इन्द्रध्वज विष्ट र निवेदक कम्पनीबीच १ नोभेम्बर १९९८ देखि ३१ अक्टुबर २००३ सम्म घरजग्गा बहालमा लिने दिने गरी घरजग्गा बहाल सम्झौता गरेको भन्ने देखिन्छ। सम्झौताको म्याद समाप्त भएपश्चात् सम्झौता नवीकरण गरेको अवस्था देखिँदैन। यी पुनरावेदक निवेदक वादी भई घरजग्गा बहालमा बस्न पाऊँ भनी ललितपुर जिल्ला अदालतमा फिराद दायर गरेको र उक्त मुद्दा विचाराधीन रहेको भन्नेसमेत निवेदन व्यहोराबाट देखिँदा सोतर्फ सक्षम अदालतबाट ठहरेबमोजिम हुने नै हुँदा प्रस्तुत सन्दर्भमा केही बोलिरहन परेन। यी निवेदकले डर, त्रास. धम्की दिई बहालमा बसिरहेको घरजग्गाबाट हटाउने आशङ्का रहेको भनी विपक्षी बनाइएका महानगरीय प्रहरी परिसर जावलाखेल, जिल्ला प्रशासन कार्यालय, ललितपुरसमेतबाट रिट निवेदकहरूलाई झिकाइएको होइन, छैन रिट निवेदकले निवेदनमा उल्लेख

गरेअनुसार केही पनि गरिएको होइन, छैन भन्नेसमेत व्यहोराको लिखित जवाफ रहेको देखिन आयो । यसरी नेपाल सरकारको जिम्मेवार निकायबाट अन्यथा झुट्टा जिकीर लिएको हो भनी सोच्नुपर्ने कुनै तथ्यगत अवस्था पनि रहेको देखिँदैन । यस्तो निकायबाट अकारण एउटा कुरा भन्ने र अर्को कुरा गर्ने हुन्छ भनी बिना कुनै आधार अनुमान गर्नुपर्ने कुनै अवस्था नदेखिँदा तत्काल निजको कानूनी हकमा आघात परिहाल्छ भन्ने आशङ्काको स्थिति रहेको नदेखिँदा निषेधाज्ञाको रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

कम्प्युटरः गीता घिमिरे

इति संवत् २०७० साल भदौ २० गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६६-CI-०६९३, परमादेश, *जिल्ला शिक्षा कार्यालय, बारासमेत वि. रामानन्द यादव*

मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको २०८ नं. मा भएको "अड्डाबाट जारी भएको समाव्हान इतलायनामाको म्याद तारिखमा प्रतिवादी नदिई म्याद गुजारी बसेको झगडियाको ऐनबमोजिम एकतर्फी प्रमाण बुझी भएका फैसलाउपर पुनरावेदन लाग्न सक्दैन" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । म्याद तामेली अ.बं. ११० नं. को रीत नपुर्‍याई बेरीतबाट भएको अवस्थामा भने प्रतिवादीसरहको लिखित जवाफ पुनरावेदन अदालतमा दायर हुनसम्म सक्ने देखिन्छ । तर, पुनरावेदक प्रतिउत्तरसरहको लिखित जवाफ लिई पुनरावेदन अदालत गएको नभई यस अदालतमा पुनरावेदन लिई आएको पाइयो । अ.बं. २०८ नं. को व्यवस्थाले पक्षलाई शुरूदेखि नै आफ्नो भनाई राख्नको लागि अवसर दिएको र उक्त अवसरको सदुपयोग नगरी चुप लागेर बस्ने पक्षलाई सोही विवादमा माथिल्लो निकायसमक्ष पुनरावेदन गरी आफ्नो जिकीर राख्न नपाउने भन्ने स्पष्ट कानूनी व्यवस्था गरेको देखिन आयो । प्रस्तुत निवेदनमा पुनरावेदक विपक्षीले शुरू म्याद गुजारी लिखित जवाफ नफर्काई चुप लागेर बसेको अवस्थामा पुनरावेदन अदालत, हेटौंडाबाट जारी भएको परमादेशको आदेशउपर अ.बं. २०८ नं बमोजिम पुनरावेदन लाग्न सक्ने नदेखिँदा निवेदकको पुनरावेदन खारेज हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७० साल भदौ २० गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६६-CR-०७७५, ०६७-RC-०१०५, कर्तव्य ज्यान, *नेत्रबहादुर कार्की वि. नेपाल सरकार, नेपाल सरकार वि. सरस्वती भन्ने राधादेवी कार्की*

मृतकको मृत्युको कारण Probably Cardiac Arrest भनी उल्लेख भएको देखिन्छ । Cardiac Arrest किन भयो भनी उक्त प्रतिवेदनमा उल्लेख भएको देखिँदैन । मृतक मुटुसम्बन्धी रोगी अथवा मुटुमा आघात पार्नसक्ने कुनै रोगबाट पीडित थिए भन्ने तथ्यको पनि कतै जिकीर रहेको मिसिलबाट देखिँदैन । टाउको वा छाती जस्तो संवेदनशील अङ्गमा कडा प्रहार भएमा वा रक्तस्राव भई अचानक रगतमा कमी हुन गएमा पनि Cardiac Arrest हुनसक्छ । तर, विशेषज्ञले त्यस्तो कुनै आधार खोलेको देखिँदैन । Probably Cardiac Arrest हुनुपर्ने अरू नै कुनै कारण पनि देखिँदैन । तसर्थ यस मुद्दाको तथ्यको रोहबाट उक्त Cardiac Arrest साङ्घातिक कुटपीटबाट भएको हो कि भनी विचार गर्दा मृतकको शरीरमा लागेको चोटहरूको प्रकृति कुटपीटको वारदात प्रमाणित भएको स्थिति, कुटपीटको वारदातमा प्रतिवादीहरूको साविती र मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ९ नं. ले किटान गरेको म्यादभित्रै मृतकको मृत्यु भएको तथ्यको रोहमा मृतकको मृत्युको कारण Probably Cardiac Arrest भनी उल्लेख भएकोमा Cardiac Arrest भएकै अवस्थामा पनि सो हुनुको कारण मृतकलाई टाउकोलगायत यत्रतत्र थला पर्ने गरी कुटपीट गर्नु र रक्तस्राव हुनु नै हो भनी मान्नुपर्ने हुन्छ र सो वारदातमा उपस्थित भई कुटपीट गर्ने कार्यमा संलग्न हुनेमा सावित हने प्रतिवादी नेत्रबहादुर कार्की तथा सरस्वती भन्ने राधादेवी कार्कीसमेतको कर्तव्यबाट ज्यान मरेको देखिन आउने ।

मार्ने मनसाय भन्ने कुरा अघिदेखिको हुनुपर्छ भन्ने होइन । जुनसुकै बखत पनि मार्ने उद्देश्यले कुनै कार्य गरिन्छ भने त्यो कर्तव्य गरी मारेको हत्याकै वर्गमा पर्न जान्छ । (नेपाल सरकार वि. कृष्णबहादुर लामा, *नेकाप,* २०६५ अङ्क १०, भाग ५०, पृष्ठ १२०८) प्रस्तुत मुद्दामा प्रतिवादी नेत्रबहादुर कार्की र सरस्वती भन्ने राधादेवी कार्कीले मृतक मित्रबहादुर रायलाई प्रहार गरेको वस्तु भाटा, मुक्का जस्ता साधारण वस्तु देखिए पनि निजको मृत्यु

प्रतिवादीहरूको पटकपटकको प्रहारबाट थला परी भएको पाइन्छ । प्रतिवादी नेत्रबहादुर कार्कीको शुरू अदालतमा मामाले मलाई बाँसको लौराले ४ चोटी कुट्नु भयो, मैले अरू मामालाई बोलाई ल्याएँ, मामाहरूले भानिज किन कुटेको भन्दा पुनः मामा र मेरो झगडा भयो र मैले मामालाई बक्सिङले एक चोटी दायाँ कुममा हानेको हो भनी बयान गरेबाट प्रतिवादीहरू र मृतकबीच ज्यान मार्नु पर्नेसम्मको पूर्व रिसइवी नभएको र तत्काल उठेको रिस थाम्न नसकी गरेको कुटपीटकै कारण मृत्यु भएको भन्ने देखाई आवेशप्रेरित हत्याको अवस्था देखाउन खोजेको देखिन्छ । तर, घटनास्थल लास जाँच प्रकृति मुचुल्काबाट मृतकको शरीरका विभिन्न भागमा अनगिन्ती चोट नील, डामहरू रहेको उल्लेख भएको हुँदा प्रस्तुत वारदातमा पटकपटक मृतकमाथि प्रहार गरेको देखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. आकर्षित नभै १३(३) नं. नै आकर्षित हुने देखिन्छ । त्यसकारण, उक्त आपराधिक कार्य सामान्य कुटपीट नभई गम्भीर खालको भई प्रतिवादी नेत्रबहादुर र सरस्वती भन्ने राधादेवी कार्कीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद गर्ने गरेको शुरू संखुवासभा जिल्ला अदालतको फैसला सो हदसम्म उल्टी गरी निज प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद गर्ने गरेको पुनरावेदन अदालत, धनकुटाको मिति २०६६।१०।०४ को फैसला मिलेकै देखिने ।

प्रतिवादीहरू र मृतकबीच बहिनी भाञ्जाको नाता पर्ने देखिन्छ । वारदात हुँदाको समयमा प्रतिवादी नेत्रबहादुर कार्कीको उमेर १९ वर्षको मात्र देखिन्छ । प्रस्तुत वारदातमा सुनियोजितरूपमा ज्यान मार्ने पूर्वतयारीसहित धारिलो हतियार वा कुनै जोखिमी हतियार वा विषको प्रयोग नभई सामान्य बाँस, भाटाको प्रहारबाट मृतकको मृत्यु भएको देखिन्छ । त्यसैले यस्तो स्थितिमा भएको वारदातको प्रकृति र स्वरूपलाई विचार गर्दा सजाय घटाउन सिफारिश भै आएको रायलाई बेमनासिब भन्न मिलेन । तसर्थ, प्रतिवादीहरू नेत्रबहादुर कार्की र सरस्वती भन्ने राधादेवी कार्कीलाई सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्ने देखिएकोले पुनरावेदन अदालत, धनकुटाले ८(आठ) वर्ष मात्र सजाय गर्न मनासिब हुने भनी व्यक्त गरेको राय न्यायको दृष्टिले मनासिब हुँदा सदर हुने ।

इजलास अधिकृतः मीना गुरुङ

कम्प्युटरः गीता घिमिरे गिरी

इति संवत् २०७० साल असोज ६ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६-CR-०८०९, जवर्जस्ती करणी, *सञ्जिव तामाङ वि. नेपाल सरकार*

पीडित भनिएकी फूलमाया बुढाथोकीमाथि कुनै जोरजुलुम र बल प्रयोग भएको तथ्य जाहेरी दरखास्तलगायत कुनै कागजबाट देखिएको पाइँदैन । मौकामा पीडित भनिएकी फूलमायाको स्वास्थ्य परीक्षण भएको पनि देखिँदैन । स्वास्थ्य परीक्षण हुन नसक्नुको कारणमा निजको मानसिक स्थिति ठीक नभएको भनी उल्लेख भएको देखिन्छ । फूलमायाको मानसिक स्थिति ठीक नभएको कारणबाट करणीलाई मञ्जूरी दिने अवस्थाको नभएकोले जवर्स्ती करणीको वारदात कायम हुनुपर्ने भनाई वादी पक्षको रहेको पाइयो । मानसिकरूपमा फूलमाया अस्वस्थ भएको आधार लिनेले सो मानसिक अवस्था ठीक नरहेको प्रमाण देखाउन सक्नुपर्ने हुन्छ । फूलमायाको मानसिक स्थिति के कस्तो छ भनी निजको जाँच हुन सकेको पनि देखिँदैन । पीडित स्वयंले मौकामा कागज गर्दा आफूलाई करणी गरेको भने पनि जवर्जस्ती वा बल प्रयोग भएको वा करणीमा आफ्नो मञ्जूरी नभएको इत्यादि कुनै जिकीर दावी पनि लिएको देखिँदैन । यसरी उमेर पुगीसकेकी महिलालाई भनिएको करणीलाई जवर्जस्ती करणीको नाम दिन सो पुष्टि गर्ने तथ्ययुक्त तत्त्वहरू देखिनुपर्ने हुन्छ । सो बाहेक मानसिक रोगीलाई मञ्जूरीबाट भए पनि करणी गरेको वारदात जवर्जस्ती हुन्छ भन्नलाई पनि सो पीडित मानसिक रोगी हो भन्ने प्रमाण चाहिन्छ । यसरी सबूद प्रमाणबिना नै जवर्जस्ती करणीको वारदात भयो भन्न मिल्ने अवस्था नरहने ।

पीडित फूलमाया बुढाथोकीले घरमा एक्लै रहेको अवस्थामा सन्तोष तामाङसमेतका व्यक्तिहरूले पैसा दिन्छु भनेपछि पालैसँग करणी गरेका हुन् । गाउँका मान्छेहरू आएपछि निज प्रतिवादीहरू भागी गएका हुन् भनी मौकामा लेखाइदिएको देखिन्छ । वस्तुस्थिति मुचुल्काका मानिसहरूले पनि उक्त वारदात आफूले नदेखेको हुँदा केही भन्न नसक्ने भनी लेखाइदिएको देखिन्छ । घटनास्थलबाट बरामद भएका ३ थान कण्डमको जाँच गर्न पठाइएकोमा Semon could'nt

be conformed भन्ने उल्लेख भएको प्रतिवेदन मिसिल सामेल रहेको पाइन्छ। जाहेरवाली उमा तिम्सिनाले अदालतमा आई बकपत्र गर्दा यो घटनाको बारेमा मलाई केही थाहा छैन, नचिनेका ४/५ जना मेरो घरमा आई लेखिएको कागजमा सही गर्न लगाई लिई गएका हुन्। मैले जाहेरी दरखास्त दिएको छैन भनी प्रतिकूल साक्षी भई बकपत्र गरेको देखिन्छ। यस प्रकार प्रतिवादीहरू कसूरमा इन्कार रहेको र वादी पक्षको कुनै पनि भनाई प्रमाणित हुन नसकी स्वयम् जाहेरवालीकै अदालतमा भएको बकपत्रबाट खण्डित हुन गइरहेको अवस्थामा कसूरजन्य वारदात कायम गर्न नमिल्ने।

ठोस सबूद प्रमाणको अभावमा केवल अनुमानको आधारमा प्रतिवादीहरूले जवर्जस्ती करणी गरे भनी निजहरूलाई दोषी करार गर्न कानूनतः नमिल्ने हुँदा शुरू मोरङ जिल्ला अदालतले प्रतिवादीहरू सञ्जीव तामाङ, सन्तोष तामाङ र बिदुर आलेमगरसमेत ३ जनालाई मुलुकी ऐन, जवर्जस्ती करणीको महलको ३(५) नं. बमोजिम जनही ५(पाँच) वर्ष कैद र थप सजायसमेत हुने ठहर्‍याई गरेको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६६।०७।१२ को फैसला उल्टी भई प्रतिवादीहरू तीनैजनाले आरोपित कसूरबाट सफाइ पाउने।

इजलास अधिकृतः मीना गुरुङ्

कम्प्युटरः गीता घिमिरे गिरी

इति संवत् २०७० साल असोज ६ गते रोज १ शुभम्।

## एकल इजलास

**मा.न्या.श्री प्रकाश वस्ती,** २०७०-WH-००२९, बन्दीप्रत्यक्षीकरण, *विनोद घिसिङको हकमा सोना तामाङ वि. महानगरीय प्रहरी परिसर, ललितपुर*

सार्वजनिक अपराध गरेको भनी उठेको प्रस्तुत मुद्दामा पहिले नै जाहेरी परिरहेको ज्यान मार्ने उद्योग मुद्दामा भएको जाहेरी, पीडितको घा जाँच, यी निवेदिकाका पतिको साविती र पीडितले निजलाई देखी चिनी गरेको सनाखत समेतका प्रमाण कागज संलग्न कागजातबाट अहिले रिटको सुनुवाई गर्दाका अवस्थामा निवेदिकाका पतिको विषयमा अनुसन्धान जारी रहेको भई यस्तो अवस्थाको थुनालाई गैरकानूनी भन्न नमिल्ने।

बन्दीप्रत्यक्षीकरण जारी गर्ने वा नगर्ने विषयमा निष्कर्षमा पुग्नुपर्दा निर्णय गरिँदाको समयको थुनुवाको स्थिति हेरी सो कानूनी वा गैरकानूनी हेरिने हो। यस स्थितिमा निवेदिकाका पति विरूद्ध अनुसन्धान जारी रहेको लेखाई र संलग्न मिसिलबाट समेत सो चालु अवस्थामा देखिएकोले अहिले नै निवेदिकाका पतिको थुनालाई गैरकानूनी मानी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्नेसम्मको अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः तीर्थ भट्टराई

कम्प्युटरः श्रीकृष्ण हेङ्गजू

इति संवत् २०७० साल असोज २९ गते रोज ३ शुभम्।

## अन्तरिम आदेश

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह,** ०७०-WO-०३५१, उत्प्रेषणयुक्त परमादेश, *चन्द्रलाल नकर्मी वि. शहरी विकास मन्त्रालयसमेत*

अन्तरिम आदेश मागका सम्बन्धमा विचार गर्दा निवेदकले पेश गरेको जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोकको मिति २०४७।१०।१४ को निर्णयको प्रतिलिपि, परीक्षा नियन्त्रण कार्यालयबाट प्राप्त एस.एल.सी. को प्रमाणपत्रमा उल्लेख भएको जन्म मिति, निजले कर्मचारी सञ्चयकोषबाट प्राप्त गरेको परिचयपत्र, शहरी विकास मन्त्रालयको मिति २०६९।५।६ को च.नं. २१२ (पत्र)को निर्णय र निवेदकले भरेको सिटरोलसमेतमा जनिएको निजको जन्म मिति २०१५।८।१० भनी देखिएकोले सो मितिबाट हाल ५८ वर्ष पुगेको नदेखिएकोले निवेदकबाट मिति २०७०।५।१८ मा मिति २०७०।८।९ देखि लागू हुने गरी अवकाश दिएको पत्रबाट निजलाई अपूरणीय क्षति हुनसक्ने हुँदा सो मिति २०७०।५।१८ को पत्र प्रस्तुत रिटको निर्णय नभएसम्म वा निजको उक्त प्रमाणपत्रमा उल्लेख भएको मितिबाट ५८ वर्षसम्म नपुगे कार्यान्वयन नगर्नु, नगराउनु भनी अन्तरिम आदेश जारी हुने।

इति संवत् २०७० साल कात्तिक २८ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री सुशीला कार्की,** ०७०-WO-०३६४, उत्प्रेषण, *भोगेन्द्रराज डोटेल वि. लोक सेवा आयोग केन्द्रीय कार्यालयसमेत*

विपक्षी आयोगले बुलेटिन नम्बर १८५/०६७/०६८ को क्रमसंख्या नं. १६ मा नि.नं. २४५२/०६७/०६८ मा प्रमुख जनस्वास्थ्य प्रशासक ११ औं तहको पद संख्या नं. १ को आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट पूर्ति गर्ने गरी सूचना प्रकाशित गरिएको उपर २०६७ सालको WO-०३८७ को रिट दायर भई उक्त परीक्षा रोकिन गएको कारणबाट निवेदकले उक्त परीक्षामा सामेल हुन नसकेको र हाल उक्त मुद्दा किनारा लागी सो परीक्षा सञ्चालन भई आन्तरिक प्रतियोगितामा भाग लिन पाउनु पर्नेमा उक्त पदलाई कार्य क्षमता मूल्याङ्कनद्वारा पदपूर्ति हुनुपर्ने भनी मिति २०७०।६।२३ सूचना नम्बर ३२४/०७०/७१ मा गोरखापत्रमा सूचना प्रकाशित गरी निवेदकले उक्त पदमा आन्तरिक परीक्षाद्वारा पदोन्नति पाउने निवेदकको हकलाई आघात हुने गरी मिति २०७०।६।२३ को गो.प.को उक्त सूचना मध्येमा सि.नं. २९ बढुवा सू.नं. १३७/०७०/७१ पद संख्या १ मा प्रमुख जनस्वास्थ्य प्रशासक, स्वास्थ्य, हेल्थ इन्सपेक्सन एघारौं तहमा बढुवा गर्न लागेको हुँदा र सो पूर्ति भएमा निवेदकलाई अपूरणीय क्षति हुन जाने हुँदा उक्त मिति २०७०।६।२३ मा प्रकाशित सूचना मध्येको सि.नं. २९ बढुवा सू.नं. १३७/०७०/७१ को हकमा कुनै पनि काम कारवाही नगर्नु, नगराउनु भनी अन्तरिम आदेश जारी गरी दिएको छ। साथै उक्त अन्तरिम आदेशलाई निरन्तरता दिने नदिने सम्बन्धमा छलफल गर्न विपक्षीहरूलाई झिकाई नियमानुसार गर्नू।

इति संवत् २०७० साल कात्तिक २१ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री तर्कराज भट्ट,** ०७०-WO-०३५०, उत्प्रेषण, *पार्वती थापा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

प्रस्तुत निवेदनमा अन्तरिम आदेशसमेतको माग गरेको सम्बन्धमा विचार गर्दा विपक्षी उपेन्द्रकान्त अर्याललाई नेपाल सरकारबाट मिति २०७०।७।१४ को निर्णयअनुसार प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गरी निजले कार्यभारसमेत सम्हालीसकेको भन्ने कुरा निवेदनमा नै उल्लेख भएको देखिएको र अन्तरिम आदेश दिनुपर्ने मनासिब माफिकको पर्याप्त आधार र कारणसमेत निवेदनमा स्पष्ट खुलाएको नदेखिएकोले तत्कालको लागि अन्तरिम आदेश जारी गरिरहनुपर्ने अवस्था नदेखिने।

इति संवत् २०७० साल कात्तिक २४ गते रोज १ शुभम्।

**"मेलमिलाप गरौं, विवाद नबढाऔं"**

**– सर्वोच्च अदालत, मेलमिलाप समिति**